निर्णय नं. १:

यस अघिका कार्यपालिका बैठकहरुको समिक्षा गरियो ।

निर्णय नं. २:

खैरहनी नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरुबाट प्राप्त भएका कार्यविधिहरु विधायन समितिमा छलफल भई स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस भई आएका तपसिल अनुसारका कार्यविधिहरु आजको कार्यपालिकाको बैठकबाट संशोधन एवं स्वीकृत गर्ने निर्णय गरियो ।

- एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७८
- खैरहनी नगरपालिका सँग साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७८
- ब्याज अनुदान मार्फत कृषि पशुपन्क्षी तथा अन्य उद्यमका लागि सहुलियत पूर्ण कर्जा लगानी सम्बन्धि कार्यविधि २०७८
- युवा स्वयम सेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७६ को परिच्छेद २ दफा (२) ३.१ संशोधन कार्यविधि
- मेलमिलाप कार्य संचालन कार्यविधि २०७८ मा संशोधन तथा थप गर्नुपर्ने कार्यविधि

निर्णय नं. ३:

यस नगरपालिकामा बेकम्मा रहेका कवाडी सामानहरु मुल्यांकन समितिले मुल्यांकन भई प्रक्रिया अघि बढेकोले सो कार्यलाई अनुमोदन गरि यथाशक्य छिटो लिलामीको कार्य सूचना प्रकाशित गरि टुङ्गोमा पुर्याउन नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन एवं निर्देशन दिने निर्णय गरियो ।